## वस्तुगत प्रश्नोत्तर

१. **आर्थिक वर्ष २०७८/७९ को बजेटअनुसार आ.व. २०७८/७९ मा आर्थिक वृद्धिदर कति हुने लक्ष्य रहेको छ ?**
✍ ६.५ प्रतिशत

२. **सरकारले कहिलेसम्ममा पेट्रोलियम पदार्थबाट सञ्चालन हुने सवारीलाई विस्थापन गर्ने घोषणा गरेको छ ?**
✍ वि.सं. २०८८ (आगामी १० वर्षभित्र, आ.व. २०७८/७९ को बजेटमार्फत)

३. **विश्व वातावरण दिवस कहिले मनाइन्छ ?**
✍ जुन ५
- अन्तर्राष्ट्रिय नारा : पारिस्थितिकीय प्रणालीको पुनर्स्थापना ।
- राष्ट्रिय नारा : नयाँ सोच र सिर्जना, प्राकृतिक प्रणालीको पुनर्स्थापना ।

४. **संयुक्त राष्ट्र सङ्घद्वारा कुन अवधिलाई 'पारिस्थितिकीय प्रणालीको पुनर्स्थापनाको दशक' का रूपमा मनाउने निर्णय गरिएको छ ?**
✍ सन् २०२१–२०३०

५. **नेपालमा वातावरण संरक्षण परिषद्को गठन कहिले गरिएको हो ?**
✍ वि.सं. २०४९ असोज १५

६. **काठमाडौँ उपत्यकामा सवारी प्रदूषण जाँच कहिलेदेखि गर्न थालिएको हो ?**
✍ वि.सं. २०५१ वैशाख १

७. **इजरायलको राष्ट्रपतिमा को चयन हुनुभएको छ ?**
✍ आइज्याक हर्जोग



- देशको ११ औँ राष्ट्रपतिका रूपमा निर्वाचित हर्जोगले १२० सदस्यीय इजरायली संसद्‌बाट ८७ मत प्राप्त गरेका ।
- हर्जोगले राष्ट्रपतिका अर्का उम्मेदवार मेरियम पेरेजलाई पराजित गरेका ।
- हर्जोग यसअघि लेवोर पार्टीको पूर्व प्रमुख रहनुका साथै सन् २०१५ मा संसद्‌मा विपक्षी दलको नेताका रूपमा रहेका ।
- इजरायलका हालका राष्ट्रपति रुभेन रिभलिनको कार्यकाल अर्को महिना समाप्त हुँदैछ ।
- आलङ्कारिक मानिने इजरायलको राष्ट्रपतिको कार्यकाल ७ वर्षको हुने ।

८. **जातीय भेदभाव तथा छुवाछूत उन्मूलन दिवस कहिले मनाइन्छ ?**
✍ जेठ २१
(वि.सं. २०६३ जेठ २१ गते मुलुकलाई जातीय छुवाछूत मुक्त राष्ट्र घोषणा गरिएको दिनको स्मरण गर्दै हरेक वर्ष जेठ २१ गतेको दिन यो दिवस मनाउने गरिएको ।)

९. **अन्तर्राष्ट्रिय क्रिकेट परिषद्ले एक दिवसीय विश्वकप क्रिकेटमा सहभागी हुने टिमको सङ्ख्या बढाई कति कायम गरेको छ ?**
✍ १४ (सन् २०२१ जुन १ मा)
- सन् २०२७ को एक दिवसीय विश्वकपमा १४ राष्ट्रको सहभागिता हुने। अहिले एक दिवसीय विश्वकप क्रिकेटमा दश राष्ट्रको सहभागिता रहँदै आएको ।
- त्यसैगरी, टी–ट्वान्टी विश्वकपमा २० टिमले सहभागिता जनाउन पाउने। अहिले १६ राष्ट्रको सहभागिता रहँदै आएको ।
- सन् २०२४ को टी–ट्वान्टी विश्वकपमा २० टिमको सहभागिता हुने।
- सन् २०२४ को विश्वकप पछि हरेक दुई वर्षमा टी–ट्वान्टी विश्वकप आयोजना गर्ने निर्णय समेत आईसीसीले गरेको ।
- त्यसैगरी, च्याम्पियन्स ट्रफी पुनः हुने भएको। सन् २०१७ देखि च्याम्पियन्स ट्रफी भएको छैन। च्यापियन्स ट्रफी भने ८ देशले नै खेल्ने छन्। एक दिवसीय विश्वकप क्रिकेट र च्याम्यिन्स ट्रफी चार–चार वर्षको अन्तरालमा नै हुने छन् ।

१०. **विश्व खाद्य स्वच्छता दिवस कहिले मनाइन्छ ?**
✍ जुन ७
- 'आजको स्वच्छ भोजन, भोलिको स्वस्थ जीवन' (क्बाभ ाययम लयध ायच ब जभबतिजथ तयफयचचयध) भन्ने नाराका साथ तेस्रो विश्व खाद्य स्वच्छता दिवस तथा तेह्रौँ राष्ट्रिय खाद्य स्वच्छता दिवस मनाइएको ।
- सन् २०१८ डिसेम्बर २० का दिन संयुक्त राष्ट्र सङ्घको महासभाले हरेक वर्ष जून ७ का दिन विश्व खाद्य स्वच्छता दिवस मनाउने निर्णय गरेअनुसार सन् २०१९ देखि विश्वव्यापी रूपमा यो दिवस मनाउन थालिएको ।
- आम उपभोक्तालाई खाद्य स्वच्छता र गुणस्तरका सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ नेपालमा वि.सं. २०६५ देखि खाद्य स्वच्छता दिवस मनाउँदै आइएको ।

११. **'थेओरी अफ रिलेटिभिटी'(सापेक्षतावाद) का प्रतिपादक अल्वर्ट आइन्स्टाइन हुन् भने सापेक्ष घनत्वको सिद्धान्तका प्रतिपादक को हुन् ?**



✍ आर्किमिडिज

१२. **प्रकृतिमा सबैभन्दा बढी मात्रामा पाइने ग्यास कुन हो ?**
✍ नाइट्रोजन

१३. **मानव शरीरको रक्त सञ्चालन प्रक्रिया विलियम हार्वेले पत्ता लगाएका हुन् भने वंशानुक्रमको सिद्धान्त कसले पत्ता लगाएका हुन् ?**
✍ ग्रेगर मेण्डल

१४. **सन्तुलित भोजनको अभावले हुने स्वास्थ्यसम्बन्धी समस्यालाई के भनिन्छ ?**
✍ कुपोषण (मालन्यूट्रेसन)

१५. **विश्व स्वास्थ्य सङ्गठनले कोभिड–१९ को भेरियन्टलाई ग्रिक अल्फावेटको आधारमा नामकरण कहिले गरेको हो ?**
✍ सन् २०२१ मे ३१
- पहिलो पटक जुन देशमा भेरियन्टको पहिचान भयो त्यही देशको नामको आधारमा कोभिड–१९ को भेरियन्ट नामकरण हुन थालेपछि विवाद बढेको थियो। यस्तो विवादलाई साम्य पार्न विश्व स्वास्थ्य सङ्गठनले मे ३१ मा कोभिड भाइरसको नयाँ भेरियन्टको नामकरण गरेको।
- डब्लूएचओले बेलायतमा भेटिएको भेरियन्टलाई 'अल्फा', ब्राजिलमा भेटिएको भेरियन्टलाई 'गामा', दक्षिण अफ्रिकामा भेटिएको भेरियन्टलाई 'विटा', भारतमा भेटिएको भेरियन्ट (बी–१.६१७.२) लाई डेल्टा नामकरण गरेको। भारतमै फेला परेको अर्को भेरियन्ट (बी–१.६१७.१) लाई 'कप्पा' नाम दिइएको।
- अत्यधिक सङ्क्रामक रहेका यी भेरियन्टलाई डब्लूएचओले 'भेरियन्ट अफ कन्सर्न' अर्थात् घातक भाइरसको सूचीमा राखेको।
- ठाउँको आधारमा नाम दिँदा सम्बन्धित क्षेत्रलाई असर पर्ने भएकोले ग्रिक वर्णमालाबाट छानिएको डब्लूएचलोले जनाएको।
- भाइरसहरूको आनुवंशिक संरचनाका आधारमा परीक्षण गरी खोप र औषधिको उत्पादनका लागि नामकरण गर्ने गरिएको।
- भाइरोलोजिस्ट र वैज्ञानिकहरूको समूहले निकालेको निष्कर्षको आधारमा 'इन्टरनेसनल कमिटी अन ट्याक्सोनोमी अफ भाइरस (आइसीटिभी)' ले नामकरण गर्ने।

१६. **कालो ढुसी (म्युकरमाइकोसिस) नामक सङ्क्रमण कुन रोगका बिरामीमा देखिने सङ्क्रमण हो ?**
✍ कोभिड–१९
- कोभिड–१९ भएका बिरामीमा म्युकरमाइकोसिस नामक सङ्क्रमण हुन सक्ने।
- यो सङ्क्रमण विरलै देखिन्छ, तर सङ्क्रमण गम्भीर भए प्राणघातक पनि हुन सक्ने भएकाले समयमा नै यस सङ्क्रमणप्रति सजग हुनुपर्छ।

**प्रारम्भिक लक्षण**
- अनुहार, मुख, नाक, आँखा वरिपरि दुख्ने,
- आँखा रातो हुने,
- नाकबाट बाक्लो सिँगान आउने,
- ज्वरो आउने,
- आँखाको ढकनी सुन्निने र ढकनी झुक्ने, आँखाले धमिलो देख्ने।

**रोकथामका उपाय**
- सफा र सुख्खा मास्क प्रयोग गर्ने, डिस्पोजेबल मास्कको पुनः प्रयोग नगर्ने,
- नियमित रूपमा हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने,
- घर बाहिर वा फोहोरमा काम गर्नु परे डिस्पोजेबल पञ्जाको प्रयोग गर्ने,
- धेरै धुलो भएको र ओसिलो ठाउँमा नजाने,
- नुनिलो पानीले नाक सफा गर्ने,
- पोभिडोन आयोडिन भएको तरल पदार्थले घाँटी र मुख कुल्ला गर्ने,
- जथाभावी स्टेरोइड र एन्टिवायोटिक प्रयोग नगर्ने,
- सुगर भएका बिरामीले सुगर नियन्त्रणमा राख्ने,
- स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै औषधि सेवन गर्ने,
- व्यक्तिगत सरसफाइमा ध्यान दिने।

१७. **सरकारले कुन अवधिलाई सार्वजनिक शिक्षाको दशकका रूपमा घोषणा गरेको छ ?**
✍ वि.सं. २०७६–२०८५

१८. **ग्लोबल सेन्टर फर साइवर सेक्युरिटीको स्थापना कहिले भएको हो ?**
✍ सन् २०१८ जनवरी २६
- साइवर अपराधसम्बन्धी गतिविधिलाई निरुत्साहित गरी सुरक्षित साइबर स्पेश उपलब्ध गराउने उद्देश्यका साथ विश्व आर्थिक मञ्च (वर्ल्ड इकोनोमिक फोरम) द्वारा यस संस्थाको स्थापना भएको।
- यसको मुख्यालय स्वीट्जरल्याण्डको जेनेभामा रहेको।

१९. **तथ्यमा आधारित भएर नीति निर्माण गर्ने तयारीअनुसार सरकारले तथ्याङ्क प्रणाली विकासका लागि कति वर्षे रणनीति ल्याएको छ ?**
✍ पाँच वर्षे (वि.सं. २०७५ चैत्र)
(रणनीतिले सङ्घीय संरचनाअनुसार केन्द्रदेखि स्थानीय तहसम्मका तथ्याङ्कीय एकाइ र गर्नुपर्ने काम निश्चित गर्ने। रणनीति कार्यान्वयन अवधिमा केन्द्रीय तथ्याङ्क विभागलाई स्तरोन्नति गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत गरिने जनाइएको।)

२०. **वर्षमा दुईपटक बजेट पेस गर्ने राष्ट्र कुन हो ?**
✍ फ्रान्स

२१. **अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको मुख्यालय कहाँ छ ?**
✍ स्वीट्जरल्यान्डको लुजाने

२२. **अरूद्वारा गाइएको गीतमा ओठ चलाएर गाएजस्तो गर्नुलाई के भनिन्छ ?**
✍ लिप सिङ्गिङ

२३. **सगरमाथाको चुचुरोमा पाइला टेक्ने सबैभन्दा कम उमेरका निजामती कर्मचारी को हुनुहुन्छ ?**
✍ युवराज धिताल
- धितालले वि.सं. २०७८ जेठ १७ (सन् २०२१ मे ३१) मा २३ वर्षको उमेरमा सगरमाथाको सफल आरोहण गरेका।
- पश्चिम रुकुमका धिताल हाल नापी कार्यालय दाङअन्तर्गत लमही शाखामा नापी प्राविधिकका रूपमा कार्यरत रहेका।

२४. **अक्सिजनको आविष्कार गर्ने वैज्ञानिक को हुन् ?**
✍ जे. प्रिस्टले

२५. **कुनै ग्रहले सूर्यको वरिपरि एक पटक घुम्न लागेको अवधिले त्यस ग्रहको केलाई जनाउँछ ?**
✍ एक वर्षको आवधि
(कुनै ग्रहले आफ्नो अक्ष (एक्सिस) मा एक फन्को घुम्न लागेको अवधिले त्यस ग्रहको १ दिनको अवधिलाई जनाउँछ।)

२६. **सार्क जापान विशेष कोष (एसजेएसएफ) को स्थापना कहिले भएको हो ?**
✍ सन् १९९३ सेप्टेम्बर २७

२७. **दक्षिण एसियाका लागि युनिसेफको क्षेत्रीय कार्यालय कहाँ रहेको छ ?**
✍ नेपाल

२८. **युरोपेली आर्थिक समुदाय (ईईसी) लाई कहिलेदेखि युरोपेली सङ्घ (ईयू) बनाइएको हो ?**
✍ १ नोभेम्बर १९९३

२९. **नेपालले कुन आवधिक योजनादेखि वैदेशिक सहयोग लिन सुरु गरेको हो ?**
✍ प्रथम पञ्चवर्षीय योजना

३०. **नेपालमा वित्तीय क्षेत्र सुधार कार्यक्रम कहिलेदेखि सञ्चालन गरिएको हो ?**
✍ वि.सं. २०५७ मङ्सिर

**प्रस्तुतकर्ता : टंक के.सी.**

## विषयगत प्रश्नोत्तर

# समावेशी विकास

१. **समावेशी विकास भनेको के हो ? चर्चा गर्नुहोस् ।**
✍ विकास भनेको सकारात्मक परिवर्तन हो। यो हिजोभन्दा आज सुधार भएको अवस्था हो। यही सुधार एवं सकारात्मक परिवर्तन सबै वर्ग, क्षेत्र एवं समुदायमा हुने कार्य समावेशी विकास हो। यसले विकासमा सबैको सहभागिता एवं अपनत्वलाई जनाउँछ। नेपाल जातीय, भाषिक, धार्मिक, सांस्कृतिक एवं भौगोलिक रूपमा विविधतायुक्त देश हो। यी सबै विविधताको विकास, संरक्षण एवं प्रवर्द्धन हुने कार्य समावेशी विकास हो। सामाजिक न्याय, लैङ्गिक समानता, जातीय एवं क्षेत्रीय विभेदको अन्त्य लगायतका समानता, समता, स्वतन्त्रता सबै पक्ष समावेशी विकासका उपज हुन्। समावेशी विकास वास्तवमा विविधता बीचको एकता हो। समावेशीका सन्दर्भमा अगाडि रहेको नेपालको संविधानले समावेशी विकाससम्बन्धी धेरै व्यवस्था गरेको छ। संविधानको प्रस्तावना आफैँमा व्यापक छ, धारा ३ मा राष्ट्रको अत्यन्तै मिठो परिभाषा गरिएको छ। मुलुकलाई सङ्घीय राज्यमा रूपान्तरण गरी सङ्घ, प्रदेश र स्थानीय तह गरेर तीन तहको सरकारको व्यवस्था छ। केन्द्रमा सङ्घदेखि प्रदेश र स्थानीय तहको वडा तहसम्म समावेशी सरकारको उपस्थिति छ। समावेशी विकासको मूल मर्म यही हो। यसैगरी नेपालको संविधानमा ३१ वटा मौलिक हकको व्यवस्था छ, राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरू प्रष्ट गरिएको छ, मुलुकको राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने, समावेशी सिद्धान्तबमोजिम मन्त्रिपरिषद् गठन हुने, सङ्घीय संसद्‌मा कम्तीमा एक तिहाई महिला सदस्य हुनुपर्ने, प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुनुपर्ने र दुवै फरक फरक दलको प्रतिनिधित्व हुनुपर्ने, राज्यका संवैधानिक अङ्ग, राजदूत र विशेष प्रतिनिधि नियुक्ति गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नेजस्ता समावेशी विकाससम्बन्धी बहुआयामिक व्यवस्था नेपालको संविधानमा छन्। निजामती सेवा ऐन, २०४९ ले आरक्षणको व्यवस्था गरी नेपालको निजामती सेवालाई समावेशी बनाएको छ, अन्तर्राष्टिय विकास सहायता परिचालन नीति, २०७६ ले सबै वर्ग, समुदाय र क्षेत्रको सन्तुलित विकासमा ध्यान दिई विकास सहायता परिचालन गर्ने रणनीति लिएको छ। यी र यस्तै अरू कानुन तथा नीतिले नेपालमा समावेशी विकाससम्बन्धी पर्याप्त व्यवस्था गरे पनि वास्तविक अर्थमा नेपालमा अझै समावेशी विकास हुन सकेको छैन्। गरिबी निवारण, बेरोजगारी समस्याको हल, भौगोलिक एवं क्षेत्रीय सन्तुलन, पिछडिएका वर्ग एवं समुदायको उत्थानलगायतका थुप्रै काम अझ बाँकी नै छन्। यसका लागि लक्षित वर्ग पहिचान गरी उनीहरूको माग र आवश्यकताअनुसार कार्यक्रम तय गर्ने, आय आर्जन एवं रोजगारी बढाउने, कृषिमा व्यवसायीकरण गर्ने, उद्योगको विकास गर्ने, कमजोर वर्गको सशक्तीकरण गर्ने, राहत तथा उत्थानका कार्यक्रम ल्याई वास्तविक रूपमा समावेशी विकास गर्नुपर्ने देखिन्छ।

२. **विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ का विशेषताहरू उल्लेख गर्नुहोस् ।**
✍ विदेशी लगानीलाई व्यवस्थित गर्न तर्जुमा गरिएको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ का विशेषताहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

क. स्पष्ट उद्देश्य लिएको छ।
- पूर्वाधार विकास, वस्तु तथा सेवाको उत्पादन क्षेत्रमा विदेशी पूँजी,
- प्रविधि र लगानीलाई आकर्षित गर्ने,
- लगानीमैत्री वातावरण सिर्जना गर्ने,
- औद्योगिकीकरण मार्फत दिगो आर्थिक वृद्धि हासिल गर्ने।

ख. विदेशी लगानीको स्वरूप निर्धारण गरिएको छ। विदेशी लगानीको अधिकतम सीमा नतोकी उपरोक्त ऐनले देहायको स्वरूपमा विदेशी लगानी गर्न सक्ने व्यवस्था गरेको छ :
- एकल वा संयुक्त,
- उद्योगको जायजेथा वा सेयर खरिद,
- लिज लगानी,
- प्रविधि हस्तान्तरण,
- शाखा स्थापना,
- पुँजी लगानी कोष खडा गर्न सक्ने,
- धितोपत्र कारोबार,
- धितोपत्र जारी गरी ऋण लिन, विदेशी मुद्रा प्राप्त गर्न सक्ने,
- विदेशी वित्तीय संस्थाबाट ऋण लिन सक्ने।

ग. विदेशी लगानीको स्वीकृति र फिर्तासम्बन्धी देहायबमोजिम स्पष्ट व्यवस्था गरेको छ :
- छ अर्ब सम्मको स्वीकृति उद्योग विभागले गर्ने,
- छ अर्ब भन्दा बढीको स्वीकृति लगानी बोर्डको कार्यालयले गर्ने,
- लगानी र आर्जित रकमको फिर्ता लैजान पाउने, लगानी स्वीकृति दिने निकायमा निवेदन दिने, उक्त निर्णयमा चित्त नबुझेमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा निवेदन दिन सक्ने, मन्त्रालयले तीस कार्य दिनभित्र निर्णय दिनुपर्ने।

घ. विदेशी लगानीको प्रवर्द्धन, सहजीकरण तथा नियमनसम्बन्धी देहायबमोजिम व्यवस्था गरेको छ :
- विदेशी लगानीको प्रवर्द्धन गर्नका लागि उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड,
- विदेशी लगानीको सहजीकरण गर्नका लागि एकल बिन्दु सेवा केन्द्र,
- विदेशी लगानीको सहजीकरण, अनुगमन, निरीक्षण एवं नियमन गर्नका लागि उद्योग विभाग,

ङ. विदेशी लगानीकर्तालाई देहायबमोजिम छुट, सुविधा र सहुलियत दिइएको छ :
(१) उद्योगले प्राप्त गर्ने सुविधा : यो ऐन, औद्योगिक व्यवसाय ऐन र अन्य प्रचलित कानुनबमोजिम प्राप्त सुविधा पाउने,
(२) विदेशी मुद्रामा खाता खोली कारोबार गर्न सक्ने,
(३) पारिश्रमिक, साँवा, ब्याज भुक्तानीमा विदेशी मुद्रा प्रयोग गर्न सक्ने,
(४) उद्योगमा प्राविधिक एवं व्यवस्थापकीय कर्मचारी नेपाली नागरिकबाट पूर्ति हुन नसक्ने भएमा विदेशी नागरिक लिन पाउने,
(५) नेपाली उद्योगसरह राष्ट्रिय व्यवहार गरिने, औद्योगिक सुरक्षा दिइने र उद्योगको राष्ट्रियकरण नगरिने प्रत्याभूति,
(६) जग्गासम्बन्धी व्यवस्था : खरिद गर्न वा अन्य उपायबाट आफैँले व्यवस्था गर्ने, लगानी स्वीकृति दिने निकायले सहजीकरण गरिदिने,
(७) उद्योग स्थापना हुँदा पाएको सेवा सुविधा सर्त परिवर्तन नगरिने व्यवस्था,
(८) विदेशी लगानीकर्तालाई परिचय पत्रको व्यवस्था,
(९) भिसा सुविधा :
अ. गैर पर्यटक भिसा : अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्न र कर्मचारी तथा कामदारलाई ६ महिनासम्मको भिसा,
आ. व्यावसायिक भिसा : लगानीकर्ता/प्रतिनिधि र परिवारका सदस्यलाई लगानी रहेसम्म नेपालमा बस्न पाउने भिसा,
इ. आवासीय भिसा : एकै पटक दश लाख अमेरिकी डलर वा सोभन्दा बढी लगानी गर्ने विदेशी लगानीकर्ता/प्रतिनिधि र परिवारका सदस्यलाई नेपालमा बस्न पाउने भिसा,

च. गुनासो व्यवस्थापन :
(१) उद्योग विभाग : उद्योगको दर्ता, अनुगमन, नियमन गर्ने कुनै कर्मचारीको काम कारबाहीप्रति कुनै गुनासो भएमा सोको सुनुवाइका लागि उद्योग विभागसमक्ष निवेदन गर्न सक्ने व्यवस्था,
(२) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय : उद्योग विभाग, एकल बिन्दु सेवा केन्द्रबाट भएका काम कारबाहीप्रति मन्त्रालयमा निवेदन गर्न सक्ने, मन्त्रालयले सम्बोधन गर्ने,

छ. विवादको समाधान :
- नेपाली र विदेशी लगानीकर्ताबीच कुनै विवाद उत्पन्न भएमा आपसी छलफल वा वार्ताद्वारा समाधान गर्न उद्योग विभागले सहजीकरण गर्न सक्ने व्यवस्था।



३. **नेपालमा कुल गार्हस्थ उत्पादनमा राजस्वको अनुपात अझै न्यून नै देखिन्छ, यसो हुनुका कारणहरू के के हुन् ? वर्णन गर्नुहोस् ।**
✍ देशभित्र एक वर्षमा उत्पादन भएका वस्तु तथा सेवाको मूल्य कुल गार्हस्थ उत्पादन हो। नेपालमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व परिचालन आ.व. २०६३/६४ मा १२.१ प्रतिशत रहेकोमा हाल २४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा नेपालको कुल गार्हस्थ उत्पादन ४२ खर्ब ७६ अर्ब छ। आगामी आर्थिक वर्ष २०७८/७९ मा सरकारले १० खर्ब २४ अर्ब राजस्व असुली गर्ने लक्ष्य लिएको छ। जुन हालको कुल गार्हस्थ उत्पादनको २४ प्रतिशत हो। चालू पन्धौँ योजनाले आर्थिक वर्ष २०८०/८१ सम्ममा मुलुकमा कुल गार्हस्थ्य उत्पादनको ३२.२ प्रतिशत राजस्व असुलीको अनुपात पुग्ने अपेक्षा गरेको छ। विकसित मुलुकमा यसको अनुपात ३० प्रतिशतभन्दा बढी नै भएको पाइन्छ। छिमेकी मुलुक भारतको यो भन्दा केही कमी भए पनि चीन, बेल्जियम, डेनमार्कजस्ता देशमा राजस्व असुलीको अनुपात उच्च छ। विकसित देशको तुलनामा नेपालको अर्थतन्त्रको आकार सानो छ। आर्थिक क्रियाकलापका सबै कारोबार सरकारी नेट भित्र आएका छैनन्। पर्याप्त उत्पादन, रोजगारी, आयात निर्यात, पर्यटन, भौतिक पूर्वाधार विकास हुन बाँकी नै छ। नेपाल र भारतको खुला सिमानाका कारण वर्षौंदेखि ठूलो मात्रामा राजस्व चुहावट हुँदै आइरहेको छ। करदातामा पनि स्वेच्छिक रूपमा कर तिर्नु पर्छ भन्ने मान्यताको कमी छ। यी र यस्तै कारणले गर्दा नेपालमा कुल गार्हस्थ उत्पादनको अनुपातमा राजस्व परिचालन अझै न्यून देखिन गएको हो। यसका अरू कारणहरू निम्नानुसार छन् :
- सबै अनौपचारिक अर्थतन्त्रलाई सरकारी दायरामा ल्याउन नसकिनु,
- करको दर घटाइ दायरा बढाउने कार्य प्रभावकारी हुन नसक्नु,
- मूल्य अभिवृद्धि कर तथा भन्सारमा छुट सुविधाहरू उच्च रहनु,
- वास्तविक कारोबार मूल्यका आधारमा भन्सार मूल्याङ्कन हुन नसक्नु,
- भन्सार प्रशासन र कर प्रशासनबीच कार्यात्मक सम्बन्ध सुदृढ हुन नसक्नु, जस्तै : कर प्रशासनले गर्ने कर परीक्षण, बजार अनुगमन तथा भन्सार प्रशासनले गर्ने जाँचपास पछिको परीक्षण, गस्ति परिचालन आदि,
- राजस्व प्रशासन पूर्ण रूपमा आधुनिक एवं स्वचालित हुन नसक्नु,
- राजस्वसम्बन्धी ऐन नियमको पूर्ण परिपालना हुन नसक्नु,
- करदाताले तिरेको करको सही सदुपयोग गरेको प्रत्याभूति दिन नसक्नु,
- राजस्व प्रशासन र त्यसमा काम गर्ने कर्मचारी जिम्मेवार, जवाफदेही, आधुनिक एवं उच्च मनोबलयुक्त हुन नसक्नु,
- बजारमा बिल लिने दिने पद्धतिको विकास हुन नसक्नु,
- सशक्त अनुगमन र मूल्याङ्कनको अभाव हुनु।

४. **अन्तर्राष्ट्रिय विकास सहायता परिचालनका क्षेत्रहरू के के छन् ? लेख्नुहोस् ।**
✍ समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षालाई साकार पार्न तर्जुमा गरिएको अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ ले राष्ट्रिय आवश्यकता र प्राथमिकताका आठ वटा क्षेत्रमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने नीति लिएको छ, जुन निम्न छन् :
क. भौतिक पूर्वाधार निर्माण,
ख. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसरफाइ,
ग. राष्टिय उत्पादन तथा उत्पादकत्व वृद्धि,
घ. रोजगारी सिर्जना र गरिबी निवारण,
ङ. विज्ञान तथा प्रविधिको विकास र हस्तान्तरण,
च. वातावरण संरक्षण र जलवायु परिवर्तन,
छ. विपद् व्यवस्थापन,
ज. सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रमध्ये नेपाल सरकारले निर्धारण गरेको उपयुक्त क्षेत्र।

५. **नेपालमा वन विनास हुनुका कारणहरू उल्लेख गर्दै त्यसबाट पर्ने असरहरूको विवेचना गर्नुहोस् ।**
✍ रुख, विरुवा एवं वनस्पतिको हानि नोक्सानी हुने कार्य वन विनास हो। नेपालमा वन विनास मूलतः प्राकृतिक एवं मानवीय कारणले हुने गरेको पाइन्छ। वन अतिक्रमण, अवैध वन कटानी, नदी कटान, भू–क्षय, वन डढेलो, अनियन्त्रित चरिचरण, अनियन्त्रित ढुङ्गा गिटी बालुवा सङ्कलन एवं निकासी, जनचेतनाको अभाव आदिजस्ता कारणले नेपालमा वन विनास हुने गरेको छ। नेपालमा वन विनास हुनुका अरू कारण निम्न छन् :
- ग्रामीण क्षेत्रमा ऊर्जाको रूपमा काठ, दाउराको प्रयोग हुनु,
- भौतिक पूर्वाधार विकासमा वन क्षेत्रको प्रयोग हुनु,
- वन विनास रोक्न गरिने सुरक्षात्मक, संरक्षणात्मक तथा प्रवर्द्धनात्मक कार्य प्रभावकारी हुन नसक्नु,
- थप वृक्षारोपण गर्ने एवं वनको जगेर्ना गर्ने कार्य सुदृढ हुन नसक्नु,
- वन संरक्षणका कार्यक्रम व्यवस्थित हुन नसक्नु,
- वनको समग्र विकासमा सरोकारवालाको सक्रिय सहभागिता हुन नसक्नु,
- जङ्गलका पुराना रुख हटाएर नयाँ विरुवा लगाउने कार्य प्रभावकारी हुन नसक्नु,
- तराईलगायतका क्षेत्रमा काठको चोरी तस्करी बढ्नु।

**वन विनासबाट पर्ने असरहरू**
- यस पृथ्वीमा भएका सारा प्राणी जगत्‌लाई आवश्यक पर्ने स्वच्छ हावा तथा पानीको स्रोत वन हो। मानिसले खाने वस्तुदेखि त्यसलाई पचाउने तथा बिरामी हुँदा बचाउनेसम्मका सम्पूर्ण वस्तुको स्रोत वन हो। जब वनमा हानि नोक्सानी एवं क्षति हुन्छ भने वनबाट प्राप्त हुने यी सबै वस्तुमा असर पर्ने नै भयो। वन विनासबाट बहुआयामिक असर पर्छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- जलवायु परिवर्तन, तापक्रममा वृद्धि, हिमालमा हिउँ पग्लने क्रममा वृद्धि, मौसममा अस्वाभाविक परिवर्तन,
- मूल्यवान जडीबुटीको हानि नोक्सानी,
- वन्यजन्तुको संरक्षणमा अवरोध,
- वनको अध्ययन तथा अनुसन्धानमा समस्या,
- पर्यटन विकासमा अवरोध,
- जैविक विविधतामा ह्रास,
- जथाभावी वन फडानीले वनस्पतिमा आधारित औषधि उद्योगमा समस्या,
- पारिस्थितिकीय प्रणालीमा असन्तुलन,
- भू–क्षयको प्रकोप।
- अन्तमा, वन सबैको साझा सम्पत्ति हो। यसको जगेर्ना गर्नु सबैको कर्तव्य हो। वनको महत्त्व वारेमा जनचेतना अभिवृद्धि गरी पुराना रुख हटाउँदै, कटाउँदै नयाँ विरुवा रोप्दै वनको संरक्षण गर्नुपर्छ। वनको नियमनमा बढी जोड दिनुपर्छ। हरियो वन नेपालको धन, यसलाई सबैले बुझ्नु बुझाउनुपर्छ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**